# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ७ साउन १८, २०८०

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाकोमिति २०८०/०४/१८ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिकाको स्थानीय पाठ्यक्रम हाम्रो गुल्मीदरबार नामको पाठ्यपुस्तक कक्षा २ र ३ को लागि लेखन कार्यको लागि १५ कार्यदिनको समयावधी दिइ तपशिल बमोजिमको पाठ्यपुस्तक लेखन समिति गठन गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>संयोजक श्री तेजेन्द्र खड्का शिक्षक श्री कात्रेपोखरी मा.वि.<br>सदस्य श्री खिम बहादुर थापा शिक्षक श्री सूर्योदय मा.वि.(हाला गा.पा. काज)<br>सदस्य श्री सन्तोष गौतम शिक्षक श्री सूर्योदय मा.वि.<br>सदस्य श्री जीवलाल पौडेल शिक्षक श्री शारदा मा.वि<br>सदस्य श्री कमल अर्याल शिक्षक श्री ठुलोपोखरा मा.वि.<br>सदस्य श्री रेख बहादुर बस्नेत शिक्षक श्री म्यालपोखरी मा.वि.<br>सदस्य श्री नेत्र प्रसाद ज्ञवाली शिक्षक श्री पदम बहादुर मा.वि. |
| ३ | गुल्मीदरबार गाउँपालिकामा शिक्षा क्षेत्रमा दरबन्दि मिलान एवं विद्यालय समायोजनको विषयमा अध्ययन गरि प्रतिवेदन पेश गर्न गठन भएको कार्यदलले पेश गरेको प्रतिवेदन माथि छलफल गरियो । उक्त प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरियो । |
| ४ | तपशिलको कार्यक्रमको लागि आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।<br>तपशिलः<br>➢ रेसुङ्गा युथ फेस्टिभलको लागि रु.२००००।-<br>➢ गुल्मीदरबारमा पाइने जडिबुटी सम्बन्धी अनुसन्धानको लागि भुपाल बस्नेतलाई रु.२००००।- |
| ५ | फलाम, सिसा, कागज लगायत कवाडीजन्य सामाग्रि संकलन तथा निकाशिका लागि आ.व.२०८०/८१ को लागि न्युनतम मूल्य रु.१६००००।-(एक लाख साठी हजार) निर्धारण गरियो । उक्त आन्तरिक आयको ठेक्का आव्हान गर्ने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि आवश्यक पर्ने १२ रोपनी जग्गाको सट्टामा उपलब्ध गराउन १२ रोपन जग्गा आवश्यक परेको हुँदा निःशुल्क जग्गा उपलब्ध गराउन सूचना आव्हान गर्ने निर्णय गरियो । |
| ७ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०८०/८१ को लागि दररेट सवीकृत गर्ने निर्णय गरियो । |
| ८ | गुल्मीदरबार गाउँपालिका वडा नं. २ मा रहेको हुल्टुङ्ग खानेपानी योजनाको लागि आवश्यक पर्ने ६३MM को ३०० मीटर पाइप खरिद गरि उपलब्ध गराउने निर्णय गरियो |
| ९ | गुल्मीदरबार गाउँपालिकामा कार्यरत कृषि तथा पशुपंक्षीको क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई तपशिल बमोजिमको कार्यक्षेत्र<br>निर्णय गरियो ।<br>तपशिलः<br>कृषि प्राविधिक श्री लिल बहादुर घर्ती वडा नं. २ मा हाजिर भइ वडा नं. ४ मा समेत थप कामकाज गर्ने<br>कृषि प्राविधिक श्री नमूना गौतम वडा नं. ५ मा कामकाज गर्ने |

| | |
|---|---|
| | कृषि प्राविधिक श्री सकुन्तला शाही वडा नं. ६ मा हाजिर भइ वडा नं. ७ मा समेत थप कामकाज गर्ने<br>कृषि अधिकृत श्री आविष्कार खत्री गाउँपालिका र वडा नं. ३ मा समेत थप कामकाज गर्ने<br>पशुपंक्षी प्राविधिक श्री नारायण पन्थी वडा नं. १ मा हाजिर भइ वडा नं. २ मा समेत थप कामकाज गर्ने<br>पशुपंक्षी प्राविधिक श्री उद्धव न्यौपाने वडा नं. ४ मा हाजिर भइ वडा नं. ३ मा समेत थप कामकाज गर्ने<br>पशपंक्षी प्राविधिक श्री जयहिमाल कँडेल वडा नं. ७ मा कामकाज गर्ने<br>पशपंक्षी प्राविधिक श्री हरि प्रसाद कँडेल वडा नं. ५ मा हाजिर भइ वडा नं. ६ मा समेत थप कामकाज गर्ने |
| १० | गुल्मीदरबार गाउँपालिका वडा नं. २ मा निर्माणाधिन कात्रेपोखरी सूर्योदय सोलार मुसको बाँकी काम कोटेशनबाट दररेट माग गरि शुचारु गर्ने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत